# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, माघ २१ गते २०५५ साल (अतिरिक्ताङ्क ६९


## भाग २

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. १९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## वन ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वन ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम "वन (पहिलो संशोधन) ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन ऐन, २०४९ को दफा २७ मा संशोधन : वन ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएकोछ :-

"(१क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितको नाममा विधान र कार्ययोजना विपरित कुनै काम कारबाही गरेको भनी उपभोक्ताको उजुरी परेमा त्यस्ता पदाधिकारीलाई यस ऐन बमोजिम सजाय हुनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनिं उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम कारबाही गरेमा निजहरुलाई यस ऐन बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनमा दफा ३०क. थप : मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क. थपिएकोछ :-

"३०क. सामुदायिक वनको विकासको लागि खर्च गर्नु पर्ने : सामुदायिक वन उपभोक्ता समूहले कार्य योजना बमोजिम आर्जन गरेको आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ र बाँकी रकम अन्य विकास कार्यको लागि खर्च गर्न सक्नेछ ।"

४. मूल ऐनमा दफा ४८क. थप : मूल ऐनको दफा ४८ पछि देहायको दफा ४८क. थपिएकोछ :-

"४८क. कोष दाखिला गर्नु पर्ने : (१) दफा ४८ को उपदफा (४) बमोजिम बेवारिसी वा दरिया बुर्दी काठहरुको बिक्री वितरणबाट प्राप्त रकम मध्येबाट पचास प्रतिशत रकम जिल्ला विकास समितिको कोषमा र बाँकी रकम संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला विकास समितिको कोषमा जम्मा भएको रकम मध्येबाट पचास प्रतिशत रकम जिल्ला विकास समितिले जिल्लाभित्रको वन विकासको निश्चित योजना बनाई सो योजना कार्यान्वयनमा खर्च गर्नु पर्नेछ ।"

५. मूल ऐनको दफा ५९ मा संशोधन : मूल ऐनको दफा ५९ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएका छन् :-

"(३) कुनै कसूरको सिलसिलामा गिरफ्तार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1265

गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई सो मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भै सकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भैरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।"

६. मूल ऐनमा दफा ५९क. थप : मूल ऐनको दफा ५९ पछि देहायको दफा ५९क. थपिएकोछ :-

"५९क. दसी प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्था : (१) यस ऐन बमोजिम कसूर हुने अपराधमा बरामद भएका वन पैदावार वा त्यस्तो कसूर हुने कार्य गर्नको लागि प्रयोग भएका साधन वा औजार दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कसूर हुने अपराधमा बरामद भएका वन पैदावार, औजार तथा अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न नसकिने भएमा त्यस्तो दसी प्रमाण नजिकको वन कार्यालयको जिम्मामा राखी सोको मुचुल्का पेश गरेमा दसी प्रमाण पेश गरे सरह मानिनेछ ।

(३) मुद्दा हेर्ने अधिकारीले त्यस्तो दसी प्रमाण राखेको ठाउँमा डोर खटाई प्रतिवेदन लिई कारबाही गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।"

७. मूल ऐनमा दफा ७०क. र ७०ख. थप : मूल ऐनको दफा ७० पछि देहायको दफा ७०क. र ७०ख. थपिएका छन् :-

"७०क. प्रतिबन्ध लगाउन सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि तोकिएको वन पैदावारको संकलन, कटान, उपभोग, ओसार पसार, बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

७०ख. सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था : (१) श्री ५ को सरकारद्वारा संरक्षित र व्यवस्थित वनको सुरक्षाको लागि मन्त्रालयले सशस्त्र वन रक्षकको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सशस्त्र वन रक्षकको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

लालमोहर सदर मितिः- २०५५।१०।२१।५

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।